नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
Nepal Administrative Staff College
"... devoted to making differences positively."

प.सं. PSTD/CIsT/13
च.नं. ४०२/०७८।७६

मिति : २०७५/१०/२४

श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
दर्ता नं 3628
मिति 2075/10/30

विषय : सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन

नेपाल सरकार र सार्वजनिक निकायहरूमा कार्यरत **तृतीय श्रेणी वा सो सरहका अधिकृतहरू**को क्षमता विकास गर्ने उद्देश्यका साथ प्रतिष्ठानले संचालन गर्दै आएको **Professional Course on Management and Development (PCMD)** आ.व. २०७५/७६ को तेस्रो चौमासिक अवधिमा संलग्न तालिका बमोजिम संचालन हुने व्यहोरा जानकारी गराउँदछु। अधिकृतहरूको मूलभूत सक्षमता (Core Competencies) मा आधारित ३० कार्यदिन संचालन हुने उक्त कार्यक्रमका लागि संलग्न तालिका बमोजिमको समय र तोकिएको संख्यामा तहाँबाट अधिकृतहरुको मनोनयन सचिव/विशिष्ट श्रेणीको अधिकृतस्तरबाट गराई मनोनित कर्मचारीहरुको नामावली मनोनयन फाराम सहित मिति २०७५/११/१५ गतेसम्म प्रतिष्ठानमा उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु। प्राप्त नामावलीमध्येबाट प्रतिष्ठानले निम्नानुसार मनोनयन स्वीकृत गर्ने व्यहोरा अनुरोध छ।

मनोनयनका आधारहरू र सम्बन्धित व्यवस्था :

१. मनोनित कर्मचारीको हालको तह/श्रेणीमा २०७५ माघ मसान्त सम्ममा न्यूनतम ३ वर्षको सेवा अवधि पूरा भएको हुनुपर्नेछ।
२. हालको तह/श्रेणीमा ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिइसकेका कर्मचारीहरु मनोनयनका लागि योग्य हुने छैनन्।
३. एउटा समूह (तालिम कार्यक्रम) मा अधिकतम ३० जना अधिकृतहरू समावेश गरिनेछ।
४. मनोनयन गर्दा संलग्न तालिका बमोजिमको कुन समूहमा सहभागी हुने हो सो खुलाई पठाउनुपर्नेछ।
५. मनोनयनको स्वीकृति गर्दा द्विविधा भएमा ज्येष्ठतालाई आधार लिइनेछ।
६. तोकिएको मितिपछि प्राप्त हुन आएको मनोनयनमाथि कारवाही गरिनेछैन।
७. मनोनयन फाराम प्रतिष्ठानको वेवसाइट www.nasc.org.np मा राखिएको छ। सम्वन्धित उम्मेदवारले प्रतिष्ठानको वेभसाइटमा राखिएको Notices भित्र Long Training Nomination Form लिंकमा क्लिक गरी मनोनयन फाराम डाउनलोड गर्न सक्नेछन्।
८. वैकल्पिक उम्मेदवारहरूको व्यवस्था रहेको छैन। तसर्थ, तोकिएको संख्या भन्दा बढी र वैकल्पिक भनी उल्लेख भएको मनोनयन माथि कारवाही गरिने छैन।
९. मनोनयन स्वीकृतिको अधिकार प्रतिष्ठानमा रहनेछ। मनोनयन स्वीकृतिको जानकारी प्रतिष्ठानको सूचना पाटी तथा वेबसाइट www.nasc.org.np मा राखिनेछ।

शितल मोक्तान तामाङ्ग
अध्ययन उप-निर्देशक
मोबाइल नं. ९८५१०२२६८३

पं.सं. २०३६
२०७५।१०।२८

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
# Nepal Administrative Staff College
*"... devoted to making differences positively."*

प.सं. PSTD/ClsT/14
च.नं. ४०१/०७५।७६

मिति : २०७५/१०/२४

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
दर्ता नं ३६३२
मिति २०७५।१०।२८

श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

**विषय : सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन**

नेपाल सरकार र सार्वजनिक निकायहरूमा कार्यरत **द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरूको** क्षमता विकास गर्ने उद्देश्यका साथ प्रतिष्ठानले संचालन गर्दै आएको **Advanced Course on Management and Development (ACMD)** आ.व. २०७५/७६ को तेस्रो चौमासिक अवधिमा संलग्न तालिका बमोजिम संचालन हुने व्यहोरा जानकारी गराउँदछु । अधिकृतहरूको मूलभूत सक्षमता (Core Competencies) मा आधारित ३० कार्यदिन संचालन हुने उक्त कार्यक्रमका लागि संलग्न तालिका बमोजिमको समय र तोकिएको संख्यामा तहाँबाट द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरुको मनोनयन सचिव/विशिष्ट श्रेणीको अधिकृतस्तरबाट गराई मनोनित कर्मचारीहरुको नामावली मनोनयन फाराम सहित मिति २०७५/११/२१ गतेसम्म प्रतिष्ठानमा उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । प्राप्त नामावलीमध्येबाट प्रतिष्ठानले निम्नानुसार मनोनयन स्वीकृत गर्ने व्यहोरा अनुरोध छ ।

**मनोनयनका आधारहरू र सम्बन्धित व्यवस्था :**

१. मनोनित कर्मचारीको हालको तह/श्रेणीमा २०७५ माघ मसान्त सम्ममा न्यूनतम ३ वर्षको सेवा अवधि पूरा भएको हुनुपर्नेछ ।
२. हालको तह/श्रेणीमा ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिइसकेका कर्मचारीहरु मनोनयनका लागि योग्य हुने छैनन् ।
३. एउटा समूह (तालिम कार्यक्रम) मा अधिकतम ३० जना अधिकृतहरू समावेश गरिनेछ ।
४. मनोनयन गर्दा संलग्न तालिका बमोजिमको कुन समूहमा सहभागी हुने हो सो खुलाई पठाउनुपर्नेछ ।
५. मनोनयनको स्वीकृति गर्दा द्विविधा भएमा ज्येष्ठतालाई आधार लिइनेछ ।
६. तोकिएको मितिपछि प्राप्त हुन आएको मनोनयनमाथि कारवाही गरिनेछैन ।
७. मनोनयन फाराम प्रतिष्ठानको वेवसाइट www.nasc.org.np मा राखिएको छ । सम्बन्धित उम्मेदवारले प्रतिष्ठानको वेभसाइटमा राखिएको Notices भित्र Long Training Nomination Form लिंकमा क्लिक गरी मनोनयन फाराम डाउनलोड गर्न सक्नेछन् ।
८. वैकल्पिक उम्मेदवारहरूको व्यवस्था रहेको छैन । तसर्थ, तोकिएको संख्या भन्दा बढी र वैकल्पिक भनी उल्लेख भएको मनोनयन माथि कारवाही गरिने छैन ।
९. मनोनयन स्वीकृतिको अधिकार प्रतिष्ठानमा रहनेछ । मनोनयन स्वीकृतिको जानकारी प्रतिष्ठानको सूचना पाटी तथा वेवसाइट www.nasc.org.np मा राखिनेछ ।

.........................................
शितल मोक्तान तामाङ
अध्ययन उप-निर्देशक
मोबाइल नं. ९८५१०२२६८३